मेन्छयायेम गाउँपालिका
Menchhayayem Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
**Office of The Rural Municipal Executive**
**मोराहाङ्ग, तेह्रथुम**
Morahang, Tehrathum

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

पत्र संख्या :२०८२/०८३
सूचना न १९

मितिः२०८२/१०/०७

## भेडापालन, च्यांग्रा प्रवर्द्धन कार्यक्रम र बाखा पकेट विकास कार्यक्रमको निरन्तरता संचालान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२/१०/०७**

यस कार्यालयको पशुपन्छी ,तथा मत्स्य विकास शाखा अन्तर्गत आ.व २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायको कार्यक्रम साझेदारी गर्न इच्छुक कृषक समूहउद्यमीहरुले/फर्म/कृषि सहकारी/ यो सूचना प्रकाशित भएको २१ औं दिन (२०८२/१०/२८) भित्र पशुपन्छी तथा मत्स्य विकास शाखामा प्रस्ताव पेश गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगी वा म्याद नाघी आएका प्रस्तावहरु छनौट गरिने छैन।

| क्र.स | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु | लागत साझेदारी | कार्यक्रम लागु हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **भेडापालन प्रवर्द्धन कार्यक्रम** | माग अनुसार | १०,००,०००/- (दश लाख ) | ५० प्रतिशत | मेन्छयायेम गा.पा भरि (भेडा हुने क्षेत्र) | **"भेडापालन प्रवर्द्धन कार्यक्रम कार्यान्वन कार्यविधि, २०८२" अनुसार संचालन हुने** |
| २ | **च्यांग्रा प्रवर्द्धन कार्यक्रम** | माग अनुसार | ४,००,०००/- (चार लाख) | ५० प्रतिशत | मेन्छयायेम गा.पा भरि (च्यांग्रा हुने क्षेत्र) | **"प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८२" अनुसार संचालन हुने** |
| ३ | **बाखा पकेट विकास कार्यक्रमको निरन्तरता** | माग अनुसार | ६,००,०००/- (छ लाख) | ५० प्रतिशत | मेन्छयायेम वडा न. ३,४,५,६ | **"प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल, २०७७ पहिलो संशोधन २०८१" अनुसार संचालन हुने** |

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावना माग फारम, संक्षिप्त कार्ययोजना फारम र कार्यविधि यस पालिकाको मा website उपलब्ध हुनेछ। थप जानकारीका लागि ९८५२०५३१२१ मा सम्पर्क गर्नुहोला।

संलग्न आवश्यक कागजातहरु:

**१. कार्यक्रममा सहभागी गराईदिनुहुन अनुरोध गरिएको निवेदन (अनुसूची २ बमोजिम)**

**२. कार्यक्रम अन्तर्गत माग गरिने सामग्री/वस्तु सम्बन्धी फाराम (अनुसूची ३ बमोजिम)**

३. समूह/सहकारी/फर्म/उद्यमीको हकमा सम्बन्धित निकायमा पान दर्ताप्रमाण पत्रको प्रतिलिपि, दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

४. समूह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धी कार्यसमितिको बैठक निर्णयको प्रतिलिपि

५. अख्तियारी प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तियारी पत्र

**६. फर्म दर्ता नभएको अवस्थामा व्यक्ति स्वयंले पनि आवेदन दिन सक्नेछ (व्यक्तिको नागरिकताको प्रतिलिपि आवश्यक)**

**७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र**

८. भाडालिजमा जग्गा लिएको भए कम्तीमा ५ वर्षसम्मको लिज सम्झौता पत्रको प्रतिलिपि